# <u>गुंगडंग योजना</u>

## <u>परिचय</u>

1. सामाजिक सुरक्षा भत्ता योजनाअन्तर्गतको गुंगडंग (जीडी) योजना हंगकंगका 65 वर्ष वा सोभन्दा माथिका गुंगडंगमा बस्न चाहनेलाई वृद्ध भत्ता प्रदान गर्नेका लागि हो । यो लिफलेटले गुंगडंगको प्रमुख विशेषताको बारेमा वर्णन गर्छ ।

## <u>योग्यता मापदण्ड</u>

2. आवेदक जीडी योजनाअन्तर्गत भत्ताका लागि योग्य हुन्छ यदि उसलेः

   (a) निम्न आवासिय आवश्यकता पुरा गर्छः

      (1) ऊ कम्तीमा सात वर्ष हंगकंग बसेको हुनुपर्छ; र

      (2) आवेदन दिनुभन्दा कम्तीमा एकबर्षअघिदेखि आवेदन नियमित रूपमा बसेको हुनुपर्छ (एक वर्षको अधिकतम 56 दिनसम्मको अनुपस्थिति अवधीलाई पनि हंगकंग बसेको मानिनेछ) (कृपया अनुच्छेद 3 हेर्नुहोला);

   (b) 65 वा धेरै वर्षको उमेर हुनुपर्ने [65 देखि 69 वर्षका आवेदकले आय र सम्पत्ति आवश्यकता पूरा गर्नुपर्छ (कृपया अनुसूची हेर्नुहोस्)];

   (c) भत्ता प्राप्त गर्ने अवधीमा जीडीमा बसेको हुनुपर्ने (जीडी योजनाको प्रापकले पूरै वर्षको भुक्तानी प्राप्त गर्नका लागि भुक्तानीको कम्तीमा 60 दिनसम्म जीडीमा बस्नुपर्छ);

   (d) हंगकंग छोड्नुअघि हंगकंगमा रहेको उसको सार्वजनिक भाडा घर एकाइलाई छोड्नुपर्छ वा ऊ अधिकृत सार्वजनिक घरको भाडावाल भए भाडावालबाट उसको नाम मेटाउनुपर्छ;

   (e) सामाजिक सुरक्षा भत्ता योजनाअन्तर्गतको अन्य भत्ता वा विस्तृत सामाजिक सुरक्षा सहायता योजनाअन्तर्गको सहायता प्राप्त नगरेको हुनुपर्ने; र

(f) कानूनी जेलमा नरहेको वा सजाय संस्थामा नपरेको हुनुपर्ने ।

## योजनाको पहिलो वर्षका लागि विशेष व्यवस्था

3. जीडी योजना कार्यान्वयनको पहिलो वर्ष (1 अक्टोबर 2013 देखि 30 सेप्टेम्वर 2013) मा, जीडीमा पहिले नै रहेका र अन्य सवै योग्यता मापदण्ड सन्तुष्टिका साथ पुरा गरेका (जस्तैः योग्य उमेर पूरा गर्ने, 65 देखि 69 वर्षका आवेदकका लागि आय र सम्पत्ति सिमा) ज्येष्ठ मानिसलाई हंगकंगमा एक वर्ष अविच्छिन्न निवास को नियम पूरा नगरी जीडी योजनाबाट लाभ दिलाउन एउटा विशेष व्यवस्था गरिनेछ । यी आवेदकहरूले जीडीमा उनीहरूको आवासको कागजी प्रमाण उपलब्ध गराउनुपर्छ (जस्तैः भाडाको रसीद, विभिन्न विलहरू) र उनीहरू निवेदन दिएको मितिदेखि कम्तीमा एकवर्ष अघिसम्म जीडीमा नियमित रूपमा बसोबास गरेको घोषणा गर्नुपर्छ (एक वर्षको अवधीमा अधिकतम 56 दिन जीडीमा अनुपस्थित रहेको अवस्थालाई जीडीमा बसेको रूपमा लिइनेछ ।)

## निवेदन प्रक्रियाहरू

4. आवेदकहरूले निवेदन प्रक्रियाहरू आफै हंगकंगमा पुरा गर्नुपर्छ जसको अगावै आवेदकहरूले पुरा गरिएको जीडी योजना निवेदन फारम पछिल्ला दुई फोटो र सवै सान्दर्भिक कागजातहरूसहित सामाजिक सुरक्षा क्षेत्र एकाइ (गुंगडंग योजना) मा पत्रमार्फत, ठेगाना: एकाइ 2110-2111, 21/एफ, ल्याण्डमार्क नर्थ, 39 लुंग सम एभेन्यु, शियुंग शुइ, हंगकंगमा पठाउनुपर्छ । जीडी योजना निवदेन फारम र निर्देशक द्रष्टव्य सामाजिक सुरक्षा क्षेत्र एकाइ (जीडी योजना) बाट प्राप्त गर्न वा एसडब्लुडीको जीडी योजना वेवसाइट (www.swd.gov.hk/gds) बाट डाउनलोड गर्न सकिन्छ ।

5. निवेदन प्राप्त हुनासाथ, आवेदकसँग सामाजिक सुरक्षा क्षेत्र एकाइ (जीडी योजना) मा अन्तर्वार्ताको प्रवन्ध मिलाउनुअघि आवश्यकताअनुसार विभागले पूरक जानकारीका लागि सोध्न सक्छ । तालिकाबद्ध अन्तर्वार्तामा सहभागी हुंदा आवेदकले हंगकंग परिचय पत्र, यात्रा कागजात, इत्यादिलगायतको सान्दर्भिक कागजातको सक्कली प्रति ल्याउनुपर्छ । 65 देखि 69 वर्षबीचका आवेदकले मासिक आय र रहेका सम्पत्तिसम्वन्धी सान्दर्भिक कागजातको सक्कली प्रति ल्याउनुपर्छ । अनुसन्धान समाप्त भएपछि, आवेदकलाई उसको नतीजाको जानकारी दिने गरी सूचना जारी गरिनेछ ।

द्रष्टव्यः

(1) विभागले अहिले जीडी योजना आवेदकहरूको निवेदन स्विकार गर्छ । विभागले आवेदकको आवश्यक उमेर (भन्नाले 65औं वा 70 औं जन्मदिन) पुगेको एक महिनाभित्र पनि जीडी योजना आवेदकको निवेदन स्विकार गर्छ । यो योजनाअन्तर्गतको भत्ताको भुक्तानी आवेदकले आवश्यक उमेर र सबै योग्यता मापदण्ड पुरा गरेको मिति, जुन पछिल्लो छ, त्यहाँबाट गणना हुन्छ ।

(2) जीडी योजना कार्यान्वयनको पहिलो वर्षमा विशेष वन अफ व्यवस्थाअन्तर्गत जीडीमा बस्नका लागि पहिले नै सरेका र हंगकंगमा आवेदन दिन यात्रा गर्न नसक्ने भनी सार्वजनिक अस्पताल/क्लिनिकले जारी गरेको प्रमाण(हरू) उत्पादन गर्न सक्ने आवेदकका लागि, विभागले निवेदन प्रक्रिया पूरा गर्नका लागि आवेदकलाई सहायता प्रदान गर्न एजेन्ट नियुक्त गर्नेछ ।

## भुक्तानीको दर र भुक्तानीको माध्यम

6. भत्ता योग्य आवेदकलाई मासिक रूपमा भुक्तानी गरिनेछ ।

7. सबै योग्यता मापदण्ड पुरा गरेको अवस्थामा, भुक्तानी जीडी योजना कार्यान्वयनको मिति (भन्नाले 1 अक्टोबर 2013) वा विभागमा निवदेन प्राप्त भएको मिति वा योग्यताको मिति, जुन पछाडि छ, त्यहाँबाट भुक्तानीको हिसावकिताव हुनेछ । भत्ता हंगकंगमा रहेको आवेदकको तोकिएको बैंक खातामा हरेक महिना जम्मा गरिनेछ । आवेदक खाताबाट भत्ता संकलन गर्नका लागि गर्नुपर्ने व्यवस्थाका लागि स्वयं जिम्मेवार हुनेछ (जस्तैः उसेले जीडीमा उसको भुक्तानी रेमिट गर्नका लागि बैंकसँग व्यवस्था गर्न सक्नेछ) । यसप्रकार लाग्ने जुनसुकै शुल्क आवेदकले बेहोर्नुपर्नेछ ।

## पुनरावेदन

8. यदि कोही आवेदक सामाजिक कल्याण विभागको निर्णयसँग असहमत हुन्छ भने, उसले सामाजिक सुरक्षा पुनरावेदन बोर्डमा पुनरावेदन दर्ता गर्न सक्नेछ, जुन प्रमुख कार्यकारीले नियुक्त गरेको गैरअधिकारीसहितको स्वतन्त्र निकाय हो । पुनरावेदन सामाजिक कल्याणको निर्देशकले निर्णय गरेपश्चात् लगत्तै चार

हप्ताभित्र दर्ता गरिसक्नुपर्छ । पुनरावेदन प्रक्रियाको बारेमा सोधपुछ सामाजिक सुरक्षा क्षेत्र एकाइ (जीडी योजना) मा गर्न सकिन्छ ।

## <u>शंकास्पद ठगी वा दुरूपयोग केसको उजुरी</u>

9. बेइमानी गरी भत्ता प्राप्त गर्नका लागि कसैले जानी जानी वा नियतवश गलत जानकारी उपलब्ध गराउँछ वा कुनै जानकारी गोप्य राख्छ भने आपराधिक क्रियाकलापको रूपमा लिइन्छ । शंकास्पद ठगी र दुरूपयोगको केसको उजुरी सामाजिक सुरक्षाको विशेष हटलाईन 2332 0101 मार्फत गर्न सकिन्छ ।

अनुसूची

## गुंगडंग योजनाअन्तर्गको आय र सम्पत्ति

✧ "आय" मा रोजगारको पारिश्रमिक, हातेकाम र व्यापार, इत्यादिको आय (तलव, पारिश्रमिक, प्राप्त मासिक कमिसन वा बोनस, र स्वः रोजगारबाट प्राप्त मासिक आयसहित), अवकास लाभ/पेन्सन, र भाडा लिइएको खुद आय समावेश हुन्छ । परिवारका सदस्य, नातेदार वा साथीहरूको योगदान, र पछिल्लो मोर्टेज योजनाअन्तर्गत प्राप्त मासिक भुक्तानी संलग्न हुँदैन, तर कुनै खर्च नभएर संकलन भएको वचत/नगदलाई "सम्पत्ति" को रूपमा लिइनेछ ।

✧ "सम्पत्ति" (1) मा जग्गा र गैर अपनत्व लिइएको सम्पत्ति (2), हातमा रहेको नगद, बैंक वचत, स्टक र सेयरमा गरेको लगानी (बोन्ड, ट्रस्ट फण्ड र एकमुस्ट लाभ (3)), लगानीका लागि साधन (जस्तैः ट्याक्सी र सार्वजनिक हल्का बस) र यसको व्यापारिक अनुमति, र सुनको बार र सुनको सिक्का, इत्यादि । मालिकले लिएको सम्पत्ति, भविष्यमा आफ्नो प्रयोगका लागि कोलुम्बेरियम निचे, र बीमा योजनाको नगद मूल्य समावेश हुँदैन ।

द्रष्टव्य :

(1) हंगकंग, मकाउ र मेनल्याण्ड वा समुद्रपारका सहित ।

(2) गुंगडंगमा बस्ने प्रमुख बासस्थानको सम्पत्तिको मूल्यमात्र मानिनेछैन । आवेदक र/वा उसको जीवनसाथीले संयुक्त रूपमा वा छुट्टाछुट्टै राखेको अन्य सम्पत्तिलाई "गैर-मालिक-लिएको सम्पत्ति" को रूपमा लिइनेछ र यसलाई "सम्पत्ति" को मुल्यांकनको बेला लिइनुपर्छ ।

(3) एकमुस्ट अवकास लाभले अनिवार्य अवकाश कोष भन्नाले हाल अनिवार्य अवकाश कोष ("एमपीएफ") योजना(हरू) वा अन्य अवकाश योजना(हरू) अन्तर्गत रहेको अवकाश लाभलाई बुझाउँछ । यस्तो एकमुस्ट लाभको अनुमानित कूल रकम एमएफपी ट्रस्टी(हरू) वा अन्य अवकाश योजना ट्रस्टी(हरू)/प्रशासक(हरू) वा अन्य सान्दर्भिक कागजातले जारी गरेको पछिल्लो लाभ विवरण(हरू) मा रहेको जानकारीमा आधारित हुन्छ ।

(4) सिफारिस गरिएको सीमाको मात्राको सूचना सामाजिक कल्याण विभागको सामाजिक सुरक्षा क्षेत्र एकाइ (जीडी योजना) वा अन्य सामाजिक सुरक्षा क्षेत्र एकाइ वा सामाजिक कल्याण विभागको वेवसाइट (www.swd.gov.hk) बाट प्राप्त गर्न सकिन्छ ।

# सामाजिक सुरक्षा क्षेत्र एकाइको ठेगाना, टेलिफोन नम्वर र खुला समय
# (गुंगडंग योजना)

| | | |
|---|---|---|
| गुंगडंग योजना सोधपुछ हटलाईन | | 3105 3266 |
| | | |
| कार्यालय | ठेगाना | टेलिफोन नम्वर |
| समाजिक सुरक्षा क्षेत्र एकाइ (गुंगडंग योजना) | एकाइ 2110-2111, 21/एफ., ल्याण्डमार्क नर्थ, 39 लंग सम एभेन्यु, शियुंग सुइ, हुंगकंग | 3105 3294 |
| | | |
| खुला समय | | |
| सोमबारदेखि शुक्रबार: | विहान 8:45 देखि दिउँसो 1:00 सम्म<br>दिउँसो 2:00 देखि बेलुकी 6:00 सम्म | |
| शनिबार, आइतबार र सार्वजनिक विदा | बन्द | |
| | | |
| विभागीय हटलाईन सेवा एकाइ | | 2343 2255 |

अगस्त 2013